# सर्लाही जिल्लाको नदी तथा खानी क्षेत्रबाट नदी तथा खानीजन्य पदार्थ उत्खनन्, संकलन भण्डारण एंव बिक्री वितरण अनुगमन तथा नियमन सम्बन्धी कार्यविधि,२०८०

## प्रस्तावना :

सर्लाही जिल्ला भित्र रहेका नदी क्षेत्र खोला तथा निजि जग्गाबाट उत्खनन् संकलन हुने साधारण निर्माणमुखी खनिज पदार्थ ( ढुंगा, गिट्टी, वालुवा, रोडा ) आदीको संकलन, विक्री तथा आन्तरिक निकासी कार्यबाट स्थानिय तहहरुले राजष्व संकलन गर्दै आएका छन् । गाउंपालिका वा नगरपालिकालाई ढुंगा, गिट्टी, वालुवा एंव माटोजन्य बस्तुको विक्री गर्ने अधिकार उपयोग गर्ने व्यवहारिक प्रक्रिया निर्धारण गर्न वान्छनीय भएकोले, नेपाल सरकार ( मन्त्रिपरिषद्) ले ढुंगा, बालुवा उत्खनन् विक्री तथा व्यवस्थापन सम्बन्धि मापदंण्ड, २०७७ (संशोधन सहित) जारि गरेको र सोही मापदण्डको दफा १५ मा " यस मापदण्ड बमोजिम अनुगमन तथा नियमन सम्बन्धी व्यवस्थाको कार्यान्वयनको लागि जिल्ला अनुगमन समितिले आवश्यक कार्यविधि बनाई लागु गर्न सक्नेछ " भन्ने व्यवस्था बमोजिम मिति २०८०।०१।३० गरे सर्लाही जिल्लाको जिल्ला अनुगमन समितिको बैठकले गरेको निर्णयानुसार नदिजन्य तथा खानिजन्य पदार्थ जिल्ला अनुगमन समिति सर्लाहीले यो कार्यविधि बनाई मिति २०८०।०१।३० गतेबाट लागु हुने गरी जारी गरेको छ ।

## १. कार्यविधिको उदेश्य :-

(१) नदिक्षेत्र तथा खानी क्षेत्रवाट नदिजन्य वा खानिजन्य सामग्री ( साधारण निर्माणमुखी खनिज ) उत्खनन् वा संकलन, भण्डारण तथा ओसार पसार गर्दा प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन एंव उधोग संचालन गर्दा पालना गर्नुपर्ने भनी तोकिएका सर्तहरु प्रभावकारी रुपमा कार्यन्वयन भएको वा नभएको भन्ने सम्बन्धमा सो को अनुगमन तथा नियमन गर्ने गराउने ।

(२) नदिक्षेत्र र खानी क्षेत्रबाट नदिजन्य वा खानीजन्य सामग्री ओसार पसार गरिने मार्ग वरिपरिको वातावरण संरक्षण गर्ने गराउने प्रबन्ध गर्ने ।

(३) नदिजन्य पदार्थ तथा खानी क्षेत्रबाट साधारण निर्माणमुखी खनिजको अधिक दोहन तथा अवैध ओसार पसार नियन्त्रण गरि दिगो उपयोग गर्दै यस्ता पदार्थको आपुर्ति हुने प्रबन्ध मिलाउने ।

(४) नदिजन्य पदार्थ उत्खनन् वा संकलन, ओसारपसार गर्ने सन्दर्भमा नेपाल सरकारबाट भएका विभिन्न निर्णयहरुलाई कार्यान्वयन गर्ने गराउने ।

(५) आम नागरिकलाई सुपथ मुल्यमा निर्माण सामग्री ( ढुंगा, गिट्टी, बालुवा, ग्रेभेल) उपलब्ध गराउने वातावरण श्रृजना गर्ने गराउने ।

(६) सार्वजनिक विकास निर्माणका लागि आवश्यक पर्ने निर्माण सामग्री सामग्री ( ढुंगा, गिट्टी, बालुवा, ग्रेभेल) को उचित अभाव हुन नदिने ब्यवस्था मिलाउने ।

## २. कार्यविधि क्षेत्रहरु

(१) नदिजन्य तथा खानीजन्य पदार्थ उत्खनन् वा संकलन गर्न नियमानुसार स्वीकृति दिइएको क्षेत्रहरु

## ३. नदिजन्य पदार्थ उत्खनन् वा संकलन गर्ने प्रकृया :

सर्लाही जिल्ला भित्रको स्थानिय तहको आन्तरिक आय समकलन ठेक्का लिने ठेकदारलाई उपलब्ध गराईएको ईजाजत-पत्र अनुरुप यस क्षेत्रमा सामग्री उत्खनन् / संकलन भइरहेको छ । स्वीकृत IEE ( प्रारम्भिक वातावरणीय परिक्षण ) को प्रावधान अनुरुप जिल्ला अनुगमन समितिको निर्णय र IEE प्रतिवेदनमा भएको व्यवस्था बमोजिम प्रत्येक आर्थिक बर्षको असार, साउन र भाद्र महिनामा नदि, खानी  क्षेत्रमा मेशिनरी औजारको प्रयोग गरि अथवा मानव संशाधनको प्रयोग गरि उत्खनन् वा संकलन कार्यलाई पुर्ण रुपमा बन्देज गरिएको छ ।

स्थानिय तहको राजष्व संकलन कार्यलाई थप व्यवस्थित गर्न वातावरणीय दृष्टिबाट कुनै पनि नकारात्मक प्रभाव पर्न नदिने गरी असोज महिना देखि जेष्ठ मसान्तसम्म नदि तथा खोलाको किनारबाट खानीजन्य  र नदिजन्य पदार्थ उत्खनन् तथा संकलन गर्नका लागि स्वीकृत IEE प्रतिवेदन अनुरुप देहायका प्रक्रिया र विधि बमोजिम नदिजन्य पदार्थ संकलन वा गत्खनन् गर्ने व्यवस्था मिलाईएको छ :-

(१) असार,श्रावन,भाद्र महिनामा खोला, नदि, खानी क्षेत्रबाट रोडा, ढुंगा, वालुबा, ग्राभेल जस्ता नदिजन्य पदार्थ उत्खनन् वा संकलन गर्न पाईने छैन ।

(२) नदिको बहाव क्षेत्र बाहेक नदीले ढुंगा, बालुवा थुपारी बनाएको बगरबाट IEE प्रतिवेदनमा उल्लेखित स्थानबाट नियमानुसार तोकिएको तम्बाई, चौडाई र उहिराई सम्म मात्र सामग्री उत्खनन् गर्न सकिनेछ, यसरी उत्खनन् गर्दा नदी तथा खोलाको सतह भन्दा तल हुने गरि उत्खनन् वा संकलन गर्न पाईने छैन ।

(३) पक्कि मोटर पुलको तल त माथितिर IEE प्रतिवेदन तथा हाल विधमान रहेको प्रचलित ऐन वा नियमावलीमा उल्लेखित दुरीलाई निषेधित क्षेत्र  तोकिएको हुंदा उक्त क्षेत्रबाट नदिजन्य सामग्री उत्खनन् वा संकलन निषेध गिरएको छ ।

(४) नदि तथा खोलाको वहाल परिवर्तन हुने गरी तथा नदि खोला Divert  हने गरि उत्खनन् / संकलन कार्य गर्न पाईने छैन ।

(५) सिंचाई कुलो, सडक तथा अन्य भौतिक संरचनालाई असर पर्ने गरि सामग्री संकलन / गत्खनन् गर्न पुर्ण रुपले निषेध गरिएको छ ।

(६) असार,श्रावन भाद्र महिना बाहेकका महिनाहरुमा IEE प्रतिवेदनमा उल्लेखित अवधिभर जिल्ला स्तरीय अनुगमन समितिको दिर्देशन बमोजिम प्राविधिक नापजांच समेतका आधारमा तोकिएको मापदण्ड अनुरुप तोकिएको संख्यामा मेशिनरी औजार प्रयोग गरि सामग्री संकलन गर्न सकिने र सो कार्यलाई IEE को प्रावधान अनुरुप प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि सामग्री संकलन हुने क्षेत्रको स्थानिय तहले नियमित अनुगमन गरि जिल्ला अनुगमन समितिमा प्रतिवेदन दिन कार्यदल गठन गर्नु पर्नेछ । उत्खनन् क्षेत्रमा मेशिनको प्रयोग गर्दा देहाय बमोजिम प्रक्रिया अनिवार्य रुपमा पुरा गर्नु पर्नेछ ।

(६.१) उपरोक्त बमोजिम गठित स्थानिय तह तथा समन्वय समितिले तोकिएको क्षेत्र र परिमाण सम्म मात्र उत्खनन् वा संकलन गर्ने गरि IEE प्रतिवेदनमा उल्लेखित उत्खनन् योजना

(Excavation Plan) बमोजिम मेशिन प्रयोग गर्ने र त्यसरी प्रयोज गर्ने मेशिनको आवश्यक कागजात सम्बन्धमा सम्बन्धित स्थानिय तह र जिल्ला अनुगमन समितिले अनिवार्य रुपमा यस कार्यविधिको अनुसुची-१ बमोजिम अभीलेख राख्नु पर्नेछ ।

(६.२) बुंदा नं. ६.१ बमोजिम स्विकृति दिंदा सामग्री संकलन गर्ने क्षेत्र, विधि तथा परिमाण खुलाएको हुनु पर्नेछ ।

(६.३) पानीको बहाव भित्रबाट नदिजन्य वा खानीजन्य पदार्थ उत्खनन् वा संकलन गर्न पाइने छैन। उत्खनन् स्थलमा उत्खनन् गर्ने नदिजन्य तथा खानीजन्य पदार्थको परिमाण समेत खुल्ने गरि तोकिएको ढांचामा सुचना पार्टीमा राख्नुपर्छ ।

(६.४) कुनै पनि फर्म तथा व्यक्तिले सावेल जस्ता सामान्य औजार बाहेक मेशिनको प्रयोग गरि सामग्री उत्खनन् वा संकलन गर्नुपुर्व सो क्षेत्रको स्थानिय अनुगमन समिति वा स्थानिय तहको स्विकृति लिएर मात्र बगर क्षेत्रमा प्रवेश गर्न पाउनेछ । ढुवानीको साधनबाट निश्कासन हुने धुंवा, आवाज र लुब्रिकेन्टको उचित व्यवस्थापन गर्नु पर्नेछ ।

(६.५) रातिको समयमा ( विहान सुर्योदय भन्दा अगाडीर बेलुका सुर्यास्त पछाडि ) सामग्री उत्खनन् / संकलन गर्न पाईने छैन ।

(६.६) स्थानिय अनुगमन तथा समन्वय समितिले दिएको स्वीकृति र सोको प्रक्रिया बमोजिम नदि क्षेत्रमा सामग्री संकलन गर्ने फर्म वा व्यक्तिको सम्पुर्ण विवरण जस्तै उत्खनन् वा संकलन स्थलमा प्रयोग हुने मेशिनहरु तथा उक्त मेसिन संचालन गर्ने अपरेटरको विवरण ( ब्लु-बुक, लाईसेन्स ईत्यादि ) को प्रतिलिपि समेत संलग्न राखी यस कार्यविधिको अनुसुची-१ बमोजिम फारम अनुसार अध्यावधिक गरि सम्बन्धित क्षेत्रको प्रहरी मार्फत साप्ताहिक रुपमा जिल्ला अनुगमन समितिमा जानकारी दिने व्यवस्था मिलाउने ।

(६.७) नदि वा खानी क्षेत्रमा मेशिन प्रयोग गर्दा IEE प्रतिवेदनमा उल्लेखित क्षेत्रमा (Excavation Plan) मा उल्लेखित संख्यामा मात्र मेशिन प्रवेशको स्वीकृतिदिने व्यवस्था स्थानिय अनुगमन समितिले मिलाएर सोको जानकारी जिल्ला अनुगमन समितिलाई दिनु पर्नेछ । नदिजन्य पदार्थ ढुवानी गर्न गएका सवारी साधनले अन्य कुनै पनि सामग्रीहरु लुकाइ छिपाई ढुवानी गर्न पाउने छैन ।

(६.८) स्थानिय अनुगमन तथा समन्वय समितिको सिफारिसमा नदि वा खानि क्षेत्रमा प्रवेश गरि नदिजन्य सामग्री संकलन गर्दा कुनै माननिय वा भौतिक क्षति नहुने गरि व्यवस्थापन गर्ने र ढुवानी गरि लैजाने मार्गमा धुलो उड्न नदिन पानि छर्कने तथा सवारी साधनहरु प्रचलित नियमानुसार सिमित गतिमा संचालन गर्नुपर्ने जिम्मेवारी सम्बन्धित ठेकेदार, संकलन वा उत्खनन् कर्ताको हुनेछ । यदि कुनै कारणले उक्त प्रकारको क्षेति हुन् गएमा सोको जिम्मेवारी सो कार्यका लागि अनुमति प्राप्त गरेको ठेकदार, संकलनकर्ता वा गत्खनन्कर्ताको हुनेछ र सो वापतको क्षतिपुर्तिवा सो सम्बन्धमा भएको खर्च निजबाट नै असुल उपर उरिनेछ ।

(७) सडक सुरक्षाका लागि तोकिएको क्षमता भन्दा वढी भारवहन हुने गरि सामग्री ढुवानी गर्न पाईने छैन ।

(८) स्वीकृत IEE प्रतिवेदनमा उल्लेखित वातावरणीत व्यवस्थापन योजना अनुरुपका न्यूनिकरणका (Mitigation) कार्यहरु सम्बन्धित स्थानीय तहले कार्यन्वयन गर्नु पर्नेछ ।

(Excavation Plan) बमोजिम मेशिन प्रयोग गर्ने र त्यसरी प्रयोज गर्ने मेशिनको आवश्यक कागजात सम्बन्धमा सम्बन्धित स्थानिय तह र जिल्ला अनुगमन समितिले अनिवार्य रुपमा यस कार्यविधिको अनुसुची-१ बमोजिम अभीलेख राख्नु पर्नेछ ।

(६.२) बुंदा नं. ६.१ बमोजिम स्विकृति दिंदा सामग्री संकलन गर्ने क्षेत्र, विधि तथा परिमाण खुलाएको हुनु पर्नेछ ।

(६.३) पानीको बहाव भित्रबाट नदिजन्य वा खानीजन्य पदार्थ उत्खनन् वा संकलन गर्न पाइने छैन। उत्खनन् स्थलमा उत्खनन् गर्ने नदिजन्य तथा खानीजन्य पदार्थको परिमाण समेत खुल्ने गरि तोकिएको ढांचामा सुचना पार्टीमा राख्नुपर्छ ।

(६.४) कुनै पनि फर्म तथा व्यक्तिले सावेल जस्ता सामान्य औजार बाहेक मेशिनको प्रयोग गरि सामग्री उत्खनन् वा संकलन गर्नुपुर्व सो क्षेत्रको स्थानिय अनुगमन समिति वा स्थानिय तहको स्विकृति लिएर मात्र बगर क्षेत्रमा प्रवेश गर्न पाउनेछ । ढुवानीको साधनबाट निश्कासन हुने धुंवा, आवाज र लुब्रिकेन्टको उचित व्यवस्थापन गर्नु पर्नेछ ।

(६.५) रातिको समयमा ( विहान सुर्योदय भन्दा अगाडीर बेलुका सुर्यास्त पछाडि ) सामग्री उत्खनन् / संकलन गर्न पाईने छैन ।

(६.६) स्थानिय अनुगमन तथा समन्वय समितिले दिएको स्वीकृति र सोको प्रक्रिया बमोजिम नदि क्षेत्रमा सामग्री संकलन गर्ने फर्म वा व्यक्तिको सम्पुर्ण विवरण जस्तै उत्खनन् वा संकलन स्थलमा प्रयोग हुने मेशिनहरु तथा उक्त मेसिन संचालन गर्ने अपरेटरको विवरण ( ब्लु-बुक, लाईसेन्स ईत्यादि ) को प्रतिलिपि समेत संलग्न राखी यस कार्यविधिको अनुसुची-१ बमोजिम फारम अनुसार अध्यावधिक गरि सम्बन्धित क्षेत्रको प्रहरी मार्फत साप्ताहिक रुपमा जिल्ला अनुगमन समितिमा जानकारी दिने व्यवस्था मिलाउने ।

(६.७) नदि वा खानी क्षेत्रमा मेशिन प्रयोग गर्दा IEE प्रतिवेदनमा उल्लेखित क्षेत्रमा (Excavation Plan) मा उल्लेखित संख्यामा मात्र मेशिन प्रवेशको स्वीकृतिदिने व्यवस्था स्थानिय अनुगमन समितिले मिलाएर सोको जानकारी जिल्ला अनुगमन समितिलाई दिनु पर्नेछ । नदिजन्य पदार्थ ढुवानी गर्न गएका सवारी साधनले अन्य कुनै पनि सामग्रीहरु लुकाइ छिपाई ढुवानी गर्न पाउने छैन ।

(६.८) स्थानिय अनुगमन तथा समन्वय समितिको सिफारिसमा नदि वा खानि क्षेत्रमा प्रवेश गरि नदिजन्य सामग्री संकलन गर्दा कुनै माननिय वा भौतिक क्षति नहुने गरि व्यवस्थापन गर्ने र ढुवानी गरि लैजाने मार्गमा धुलो उड्न नदिन पानि छर्कने तथा सवारी साधनहरु प्रचलित नियमानुसार सिमित गतिमा संचालन गर्नुपर्ने जिम्मेवारी सम्बन्धित ठेकेदार, संकलन वा उत्खनन् कर्ताको हुनेछ । यदि कुनै कारणले उक्त प्रकारको क्षेति हुन् गएमा सोको जिम्मेवारी सो कार्यका लागि अनुमति प्राप्त गरेको ठेकदार, संकलनकर्ता वा गत्खनन्कर्ताको हुनेछ र सो वापतको क्षतिपुर्तिवा सो सम्बन्धमा भएको खर्च निजबाट नै असुल उपर उरिनेछ ।

(७) सडक सुरक्षाका लागि तोकिएको क्षमता भन्दा वढी भारवहन हुने गरि सामग्री ढुवानी गर्न पाईने छैन ।

(८) स्वीकृत IEE प्रतिवेदनमा उल्लेखित वातावरणीत व्यवस्थापन योजना अनुरुपका न्यूनिकरणका (Mitigation) कार्यहरु सम्बन्धित स्थानीय तहले कार्यन्वयन गर्नु पर्नेछ ।

(९) नदीको सम्पुर्ण चौडाईको तोकिएको किनारा छोडेर मात्र नदिजन्य पदार्थ संकलन गर्नु पर्नेछ ।

(१०)स्वीकृत IEE मा तोकिएको दैनिक उत्खनन् गर्न पाउने परिमाण भन्दा बढी मात्रामा उत्खनन् गर्न पाईने छैन ।

(११)संकलन क्षेत्रमा संकलनकर्ताले अस्थायी शौचालयको प्रबन्ध गरेको हुनु पर्नेछ ।

(१२)नदिजन्य पदार्थ संकलन वा उत्खनन् ढुवानी आदी कार्यमा बालबालिकाहरुलाई संलग्न गर्न गराउन पाईने छैन ।

## ४. खानीजन्य साधारण निर्माणमुखी खनिज पदार्थ उत्खनन् कार्यको प्रक्रिया :-

सर्लाही जिल्ला भित्र साधारण निर्माणमुखी खनिज पदार्थ ( ढुंगा,गिट्टी बालुवा, ग्राभेल ) उत्खनन् कार्यका लागि खानी तथा खनिज पदार्थ ऐन २०५६ बमोजिम अनुमति प्राप्त उधोगहरुबाट स्थानिय तह, प्रदेश सरकारलाई रोयल्टी प्राप्त भई राजष्वमा योगदान भएको छ भने त्यस्ता उधोगहरुलाई नियमन गरि व्यवस्थित ढंगबाट संचालन गर्नु पर्ने जिम्मेवारी समेत राज्यको रहेको हुन्छ । तसर्थ त्यस्ता उधोगहरुबाट साधारण निर्माणमुखी खनिज पदार्थ उत्खनन्गर्दा (IEE) प्रतिवेदनमा उल्लेखित प्रावधान, उधोग दर्ता गर्दा तोकिएका शर्तहरु समेत पालना गर्ने गरी देहायको प्रक्रीया र बिधी बमोजिम खानिजन्य पदार्थ संकलन वा उत्खनन् गर्ने व्यवस्था मिलाईएको छ ।

(१) प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनका शर्त एवं स्वीकृत विधि, प्रक्रीया र परिमाण बमोजिम मात्र उत्खनन् कार्य गर्नुपर्नेछ ।

(२) उत्खनन् कार्य गर्दा खनिज पदार्थको अधिकतम सदुपयोग र खनिज सम्पदाको संरक्षण हुने गरि गर्नुपर्नेछ ।

(३) उत्खनन् कार्य गर्दा वातावरणमा न्युनतम प्रतिकुल प्रभाव पर्ने उपाय अपनाई वातावरण संरक्षणमा समुचित ध्यान दिई कार्य गर्नु पर्नेछ ।

(४) आ.व. को अन्तिम ( जेष्ठ मसान्त ) सम्म मौज्दात रहेका नदिजन्य पदार्थको विवरण जिल्ला अनुगमन समितिमा पठाउनु पर्नेछ ।

(५) नदिजन्य पदार्थ बिक्री वितरण गर्ने सम्बन्धमा भएका संम्झौता सम्बन्धी विवरण कार्यान्वयन पुर्व जिल्ला अनुगमन समितिलाई उपलब्ध गराउने पर्नेछ ।

(६) उत्खनन् गरिएका खनिज पदार्थको दैनिक अध्यावधिक विवरण सम्बन्धित खानिस्थालमा नै अभिलेख राखेको हुनुपर्ने र सम्बन्धित निकायहरुबाट अनुगमन हुंदा पेश गर्नुपर्ने दायित्व ईजाजत प्राप्त ठेकेदारको हुनेछ ।

(७) राष्ट्रिय तथा सार्वजनिक हित र सुरक्षाका निमित्त छुट्याईएको स्थानहरुमा र प्राचित स्मारक शहर, चिहान, मसांनघाट, सार्वजनिक बाटो, घाट, वांध, पैनी, पाईप लाईन, किल्ला, गढी, छाउनी, मन्दिर, मस्जिद, गिर्जाघर, घर, कारखाना ईत्यादी वाट कानुनले तोकेको दुरी भित्र उत्खनन कार्य गर्न गराउन पाईने छैन र त्यस्ता क्षेत्रमा घर, कारखाना वा गोदाम समेत बनाउन पाईने छैन ।

(८) आफ्नो उत्खनन् क्षेत्रको नजिक उत्खनन् कार्यको अनुमतिपत्र प्राप्त अन्य व्यक्तिलाई आफुले बनाएको टाइमलाईन, रोपवे लाईन, बाटो र पानिघाट समेत मनासिव सर्तहरुमा उपयोग गर्न दिइनेछ ।

(९) खनिज पदार्थ भण्डार गर्ने तथा जम्मा गर्ने स्थलमा खनिज कार्यको परिमाणको नाप जांच गर्न दुरुस्त रहेको यथोचित यन्त्रहरुको प्रबन्ध गरेको हुनु पर्नेछ ।

(१०)उत्खनन् कार्यको अनुमतिपत्र प्राप्त भु-सतहको सिमाना बाहिर हुने गरि उत्खनन् कार्य नगर्ने र दुइ वा दुई भन्दा बढी अनुमति पत्रमा उल्लेखित क्षेत्रको सिमाना जोडिएका रहेछ भनी अनुमतिपत्र प्राप्त व्यक्तिले सो सिमानाबाट प्रचलित कानुनले तोकेको दुरी छाडी खानी उत्खनन् कार्य गर्नु पर्नेछ ।

(११)उत्खनन् कार्य गर्दा खोलाको किनार, टनेल खाल्टो ईत्यादीमा कुनै दुर्घटना हुन् नपाउने गरि सुरक्षाको व्यवस्था गर्नु पर्नेछ । प्रचलित कानुन र ईजाजत पत्रमा लेखिएका शर्तहरु विपरित बाहिर गई गरिएको उत्खनन् कार्यबाट उत्पन्न क्षति वापत उत्खनन् कर्ता, फर्म, कम्पनि वा संस्था स्वयं नै जवाफदेहि हुनेछन् ।

(१२)उत्खनन् कार्य गर्दा कुनै दुर्घटना परेमा, कुनै व्यक्तिको मृत्यु भएमा वा आफुले पाएको अनुमतिपत्रमा उल्लेखित क्षेत्रभित्र कसैको धन, सम्पत्तीको हानी नोक्सानी हुन् गएमा वा हुन् सक्ने सम्भावना देखिएमा सम्बन्धित स्थानिय तह, जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिती र प्रदेशलाई तुरिन्त सुचना दिनु पर्नेछ ।

(१३)खानी क्षेत्रमा उत्खनन् कार्य संचालन गर्दा सोको रेखदेख, नियन्त्रण आदीको लागि अनुमतिपत्र प्राप्त व्यक्तिले स्वयम् वा निजको प्रतिनिधि रहनु पर्नेछ ।

(१४)उत्खनन् कार्य गर्दा माईनिग स्किममा उल्लेखित भए बमोजिम बेन्चिंग पध्दति अपनाई प्राविधिकको रेखदेखमा गरिनुपर्ने साथै दैनिक उत्पादन अनुमति भन्दा वढी परिमाणमा उत्खनन् गर्न पाईने छैन ।

(१५)कामदारहरुलाई सुरक्षा सामग्री ( हेलमेट, चस्मा ,पन्जा ) प्रयोग गर्न लगाएर काममा लगाउनुपर्ने साथै कामदारहरुको विमा गरेको हुनु पर्नेछ ।

(१६)उधोग सम्बन्धी विवरणहरु खुलाएर सुचना पाटी मुल गेटमा राख्नु पर्नेछ ।

(१७)आफ्नो उधोग क्षेत्र भित्र क्वारी क्षेत्र वा माईनिग क्षेत्रमा कम्तिमा ५ फिट उचाईको तारवार लगाउनु पर्नेछ ।

(१८)खानी भित्र जल निकासी (Drainage) को उचित व्यवस्था गरेको हुनु पर्नेछ ।

(१९)उधोग संचालन गर्दा साधारण निर्माणमुखी ढुंगा मिसिएको ओभरवर्डन माटोलाई आफ्नो उधोगको जग्गामा नै व्यवस्थापन गरि राख्नु पर्नेछ । त्यस्ता माटोहरु नजिकैको वनक्षेत्र, खोल्सी, खोला वा सार्वजनिक जग्गामा थुपारी राख्न पाईने छैन ।

(२०)खानी क्षेत्रमा कार्यालय खडा गरि सो कार्यालय आफुले पाएको अनुमतिपत्र प्रष्ट देखिने गरि राख्नु पर्नेछ ।

(२१)उत्खननन् कर्ताले आफ्नै खर्चमा ईजाजत प्राप्त खनिज क्षेत्रको सिमाना कायम गर्नु पर्नेछ ।

(२२)काबु बाहिरको परिस्थितिले गर्दा खनिज कार्यमा बाधा परि एक महिना भन्दा बढि उत्खनन् कार्य बन्द बा रोकावट हुन् गएमा सम्बन्धित स्थानिय तह र जिल्ला अनुगमन समितिमा सुचना गर्नुपर्ने छ ।

## ५. अनुगमन सम्बन्धी व्यवस्था :-

प्रतिवेदनका शर्तहरुको पालना, उत्खनन् परिमाणको नियन्त्रण, राजष्व चुहावट तथा चोरी नियन्त्रण लगायतका कार्यहरुको अनुगमन गर्ने देहाय बमोजिम अनुगमन संयन्त्र अपनाईनेछ :-

(१) नदिजन्य तथा खानीजन्य साधारण निर्माणमुखी खनिज पदार्थ ( ढुंगा, बालुवा, गिट्टी, ग्राभेल) उत्खनन् वा संकलन प्रक्रिया नियमानुसार भए नभएको सम्बन्धमा जिल्ला अनुगमन समितिले नदि तथा खानी क्षेत्रको व्यवस्थापन सम्बन्धमा जुनसुकै बेला अनुगमन गरि निर्देशन दिन सक्नेछ ।

(२) नदिजन्य वा खानिजन्य साधारण निर्माणमुखी खनिज पदार्थ ( ढुंगा, बालुवा, गिट्टी, ग्राभेल) उत्खनन् वा संकलन हुने स्थानिय स्तरमा गठित अनुगमन तथा समन्वय समितिले नियमित रुपमा अनुगमन गरि सोको प्रतिवेदन जिल्ला अनुगमन समिति समक्ष पेश गर्नु पर्नेछ ।

(३) स्थानिय तहहरुले सरोकारवाला निकायहरु समेतको सहभागितामा आवश्यक संयन्त्र बनाई नदिजन्य पदार्थको उपलब्धता, उत्खनन् प्रशोधन र ढुवानी तथा बजार माग समेतलाई आधार मानी प्रत्येक महिनाको पहिलो हप्ता भित्र अधिकतम विक्री मुल्य तोकी अनिवार्य रुपमा लागु गर्नु पर्नेछ । उक्त कार्यका लागि आवश्यकता अनुसार सुरक्षा र सरोकारवाला निकायहरुको सहयोग लिई कृतिम अभाव हुन नदिने, चोरी निकासी रोक्ने जस्ता कार्यहरुको प्रभावकारी कार्यन्वयन गरि जिल्ला अनुगमन समितिलाई जानकारी गराउनु पर्नेछ ।

(४) कार्यविधि पालन भए नभएको, उत्खनन् परिमाणको नियन्त्रण, राजष्व चुहावट तथा चोरी नियन्त्रण लगायतका कार्यहरुको रोकथाम सम्बन्धी नियमित रुपमा अनुगमन गर्ने ।

## ६. अनुगमन खर्च :-

(१) अनुगमन कार्यमा लाग्ने खर्च नदि तथा खानिजन्य पदार्थको राजष्व र जरिवाना वापत जिल्ला समन्वय समितिलाई प्राप्त हुने रकमबाट व्यहोरिने छ ।

(२) निषेधित कार्य गरे वापन दण्ड, जरिवाना रकमबाट प्राप्त रकमको ३०% सम्मको रकम सो कार्यको कार्यवाहिमा क्रियाशील कर्मचारी, संघ, संस्था, सुचना गर्ने व्यक्ति, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल समेतलाई प्रोत्साहन स्वरुप प्रदान गरिने छ ।

(३) नदीजन्य र खानीजन्य पदार्थको ठेक्का लगाउने स्थानिय तहले अनुगमन तथा निरीक्षणका लागी उठेको रकमको ०.७५% जिल्ला समन्वय समितिलाई उपलब्ध गराउनु पर्नेछ ।

## ७. दण्ड जरिवाना :-

प्रकृया पुरा नगरी अवैध रुपमा नदि वा खानि क्षेत्रमा प्रवेश गरी नदिजन्य वा खानीजन्य साधारण निर्माणमुखी खनिज पदार्थ ( ढुंगा, बालुवा, गिट्टी, ग्राभेल) उत्खनन् वा संकलन गर्ने गराउने फर्म वा व्यक्तिको उत्खनन् वा संकलन गरिएका माल जफत गरि देहाय बमोजिम दण्ड जरिवाना गरिनेछ ।

| क्र.स. | कसुरको किसिम | दण्ड जरिवाना |
|---|---|---|
| १ | नदीको पानी भित्र मेशिनरी प्रयोग गरि प्रवेश गरि वहाव क्षेत्रमा सामग्री संकलन गरेको अवस्थामा पक्राउ परेमा | स्काभेटर र व्याकहोल लोडर प्रयोग गरेमा पहिलो पटकका लागि रु ८०,००० ( असि हजार रुपैया मात्र)<br>जे.शि.भि. प्रयोग गरेमा रु ६०,००० ( साठि हजार रुपैया मात्र)<br>टिपर र ट्रक प्रयोग गरेमा रु ४०,०००( चालिस हजार रुपैया मात्र)<br>ट्याक्टरलाई रु २०,००० ( विस हजार रुपैया मात्र) जरिवाना लाग्नेछ। |
| २ | स्थानिय अनुगमन समिति र जिल्ला अनुगमन समितमा अभिलेखीकरण नगराई नदि वा खानी क्षेत्रमा मेशिन साधन प्रयोग गरेमा | स्काभेटर लागि रु ७५,००० ( पचहत्तर हजार रुपैया मात्र)<br>ब्याकहोल लोडरका लागि रु ५०,००० (पचास हजार रुपैया मात्र) जरिवाना लाग्नेछ । |
| ३ | तोकिएको भन्दा बढि चौडाई तथा गहिराईबाट गत्खनन् गरेमा | स्काभेटर लागि रु ८०,००० ( असि हजार रुपैया मात्र)<br>ब्याकहोल लोडरका लागि रु ६०,००० (साठी हजार रुपैया मात्र) जरिवाना लाग्नेछ । |
| ४ | तोकिएको भन्दा बढी संख्यामा मेशिनहरु प्रयोग गरेमा | बढी प्रयोग भएका जुनसुकै मेशिन भएता पनि बढी भएको प्रति मेशिन बापत रु ५०,००० ( पचास हजार रुपैया मात्र) जरिवाना लाग्नेछ । |
| ५ | बिहान सुर्योदय भन्दा अगाडी र बेलुकि सुर्यास्त पछाडी संचालन वा उत्खनन् गरेमा | क्र.सं. १ मा तोकिएको जरिवानामा ५०% थप जरिवाना लाग्नेछ । |
| ६ | नदिको धार परिवर्तन गरि सामग्री संकलन वा उत्खनन् गरेमा | रु १,००,००० ( एक लाख रुपैया मात्र) जरिवाना हुनेछ । |
| ७ | IEE मा उल्लेखित क्षेत्र भन्दा बाहिर निषेधित स्थानबाट सामग्री उत्खनन् तथा संकलन गरेमा | स्काभेटर लागि रु ८०,००० ( असि हजार रुपैया मात्र)<br>व्याकहोल लोडर प्रयोग गरेमा रु ६०,००० ( साठि हजार रुपैया मात्र)<br>टिपर र ट्रक प्रयोग गरेमा रु ४०,०००( चालिस हजार रुपैया मात्र)<br>ट्याक्टरलाई रु २०,००० ( विस हजार रुपैया मात्र) जरिवाना लाग्नेछ। |
| ८ | माथी उल्लेखित कसुर दोहोर्याएमा | तोकिएको जरिवानामा ५०% थप जरिवाना लाग्नेछ । |
| ९ | कुनै पनि स्थानिय निकायको स्विकृती बेगर नदिजन्य वा खानीजन्य पदार्थ तथा व्यक्तिगत जग्गाको माटो समेत अवैध | मेशिनरी औजार प्रयोग गरि चोरी निकासी गरेमा मेशिनरी औजारको पहिलो पटकका लागि रु ७५,०००( पचहत्तर हजार रुपैया मात्र) |

| | | |
|---|---|---|
| | रुपमा उत्खनन् गरेमा वा अनधिकृत रुपमा चोरी निकासी गरेमा | टिपर [illegible] प्रयोग गरेमा रु ३०,०००( तिस हजार रुपैया मात्र) मिनिट्रक तथा ट्रकका लागि रु २०,००० ( विस हजार रुपैया मात्र) ट्याक्टरलाई रु १०,००० ( दश हजार रुपैया मात्र) जरिवाना लाग्नेछ। |
| १० | ढुवानीका साधनहरुले ढुंगा, गिट्टी, बालुवा नछोपी राजमार्गमा पानी चुहाउदै वा ढाला भन्दा माथी ढुवानी गरेमा | (१) ढाला भन्दा बढी ढुवानी गरेमा ट्रिपर तथा ट्रकको लागि रु १०,०००( दश हजार रुपैया मात्र), मिनि ट्रक तथा सानो ट्रीपरको लागि रु ७,०००( सात हजार मात्र) जरिवाना लाग्नेछ ।<br>(२) नछोपी राजमार्गमा पानी चुहाउदै ढुवानी गरेमा ट्रिपर तथा ट्रकको लागिरु ५,००० (पाच हजार रुपैया मात्र) मिनि ट्रक तथा सानो ट्रीपरको लागि रु ४,०००( चार हजार मात्र) ट्याक्टरलाई रु ३,००० ( तिन हजार रुपैया मात्र) जरिवाना लाग्नेछ । |
| ११ | यसमा उल्लेखित बाहेक अन्य कसुर गरेमा | जिल्ला अनुगमन समितिको निर्णय अनुसार |
| १२. | प्रतिबन्धित ठाउं / कानुनले निषेधित गरेको ठांउमा उत्खनन् गरेमा | स्काभेटरका लागी रु ८०,००० (असी हजार रुपैया मात्र ) जरिवाना लाग्नेछ<br>व्याकहील लोडरका लागी रु ६०,००० ( साठि हजार रुपैया मात्र ) जरिवाना लाग्नेछ<br>टिपर र ट्रिपर ट्रकका लागी रु ४०,००० ( चालिस हजार रुपैया मात्र) जरिवाना लाग्नेछ<br>ट्याकटरका लागी रु १०,००० ( दश हजार रुपैया मात्र ) जरिवाना लाग्नेछ<br>दोहर्याएमा ५०% थप जरिवाना लाग्नेछ |

(१) कार्यविधि विपरित कार्य गरेमा त्यस्ता सवारी साधनलाई नेपाल प्रहरी अथवा सशस्त्र प्रहरीले तुरुन्त नियन्त्रणमा लिई तोकिएको जरिवाना गर्न जिल्ला समन्वय समितिमा सिफारिस गर्ने ।

(२) जिल्ला समन्वय समितिले सो सिफारिसका आधारमा दण्ड जरिवाना गर्नेछ ।

(३) दण्ड जरिवाना वापत उठेको बाकी रकम जिल्ला समन्वय समितिको राजष्व खातामा जम्मा हुनेछ ।

(४) अनुगमनको क्रममा जफत गरिएका नदिजन्य तथा खानीजन्य श्रोतहरुको विवरण जिल्ला समन्वय समितिले सम्बन्धित स्थानिय तहलाई उपलब्ध गराउनेछ । सो सामाग्री स्थानिय तहले कानुन बमोजिम बढाबढको माध्यमबाट लिलाम विक्रि गर्नु पर्नेछ ।

(५) उपरोक्त विषयमा प्रभावकारी कार्यन्वयनका लागि तोकिएको मापदण्ड र निर्देशनको पालना नभएको खण्डमा जिल्ला अनुगमन समितिले आवश्यकता अनुसार सवारी साधन तथा मेशिन जफत गरि लिलाम विक्री गर्न सक्नेछ ।

## विविध :-

(१) नदिजन्य वा खानीजन्य पदार्थ उत्खनन् गरिने स्थलमा नदिजन्य पदार्थ उत्खनन् संकलन गर्न स्वीकृती प्राप्त ठेकेदार र यस कार्यविधि दफा ७ बमोजिम हुने कसुर र दण्ड जरिवानाको विवरण सुचना पार्टीमा सबैले देख्ने गरि उत्खनन् स्थानमा साख्ने व्यवस्था सम्बन्धित स्थानिय तहले मिलाउनु पर्नेछ ।

(२) यो कार्यविधिलाई जिल्ला अनुगमन समितिले आवश्यकता अनुसार संसोधन गरि लागु गर्न सक्नेछ

(३) यस कार्यविधिमा उल्लेखित भएका प्रावधानहरु संघ, प्रदेश र सम्बन्धित स्थानियतहको कानुनसंग बाझिएको खण्डमा संघियल कानुनमा व्यवस्था भए बमोजिम र नभएमा प्रदेश कानुन बमोजिम हुनेछ ।

(४) यस कार्यविधिमा नपरेका कुनै अवस्था आईपरेमा संघ तथा प्रदेश सरकारको सम्बन्धित मन्त्रालयको नीति निर्देशन अनुरुप हुनेछ ।

अनुसूची-१

(कार्यविधिको दफा ३ (६) को (६.१) त (६.६) संग सम्बन्धित )

जिल्ला समन्वय समितिको कार्यालय

सर्लाही, मदेश प्रदेश, नेपाल

**नदिजन्य वा खानीजन्य पदार्थ उत्खनन्, संकलनमा प्रयोग गरिने मेशिन औजार र संचालकको अभिलेख**

यस जिल्लाको..........................................................खोला, नदि तथा खानी क्षेत्रबाट नदिजन्य वा खानीजन्य पदार्थ उत्खनन् वा संकलन कार्को लागि IEE कार्यन्वयनक सम्बन्धमा मेशिनरी औजारको प्रयोग र परिक्षण नियन्त्रणका लागि दैनिक तयार परिने अभिलेख ।

नाका वा घाट भएको नदीको नाम:-

उत्खनन् स्थल वा बगरको नाम :-

मेशिनरि प्रयोग गर्ने अवधि :- देखि सम्म

मेशिन प्रयोगकर्ताको नाम र सम्पर्क नं.

| सि.नं. | प्रयोग हुने मेशिनरिको किसिम | मेशिनरिको चयाचिस नं. | उत्खनन् परिमाण | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

सम्बन्धित क्षेत्रको ठेकेदार वा संकलनकर्ताको दस्तखत:-

नाम:-

मिति:-

स्थानिय अनुगमन समिति प्रमुखको दस्तखत:-

नाम:-

मिति:-

अनुसूची-२

जिल्ला समन्वय समितिको कार्यालय

सर्लाही, मदेश प्रदेश, नेपाल

## नदिजन्य सामग्री उत्खनन् कार्यको अनुगमन सुचक

**अनुगमन गर्ने निकाय :- जिल्ला अनुगमन समिति**

| सि.नं. | विवरण | अनुगमन बाट देखिएको व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | अनुगमन गरिएको खोला वा नदिको व्यहोरा | | |
| २ | गत्खनन् स्थल रहेको ठेगाना | बगरको नाम: | |
| | | ठेगाना : | |
| ३ | गत्खनन् गर्न स्विकृत दिने निकाय | | |
| ४ | IEE स्वीकृत भएको वा नभएको | | |
| ५ | दैनिक उत्खनन् गरिएको परिमाण | | |
| ६ | नदिजन्य पदार्थ उत्खनन् गर्ने विधि ( मेशिनवाट वा मानिसबाट हो खुलाउने) | | |
| | १. उत्खनन् स्थलको गहिराई | | |
| | २. नदिको किनारबाट छोड्नुपर्ने दुरी | | |
| | ३. पक्कि पुलबाट तल माथिको दुरि | | |
| | ४. उत्खनन् परिमाण | | |
| | ५. अन्य केहि भए | | |
| ७ | मेशिनबाट संकलन भएकोभए मेशिनको संख्या र मेशिनको नं. | | |
| ८ | मानिसबाट संकलन भएको भए रोजगारी प्राप्तकामदारको संख्या | | |
| ९ | नदिजन्य सामग्री उत्खनन् बाट देखिएको सकारात्मक कुराहरु | | |
| १० | नदिजन्य सामग्री उत्खनन् बाट देखिएका नकारात्मक कुराहरु | | |
| ११ | उत्खनन् कार्यमा स्थानियहरुको सहभागिताको अवस्था | | |
| १२ | उत्खनन् नजिक क्रसर उधोग | | |

| | | | |
|---|---|---|---|
| | संचालनमा रहे वा नरहेको | | |
| १३ | संचालनमा रहेको भए क्रसर उधोगको नाम र ठेगाना | | |
| १४ | अन्य केहि भए | | |

अनुगमन टोलिको विवरण

| क्र.स. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |

अनुगमन मिति:-

अनुसूची-३

जिल्ला समन्वय समितिको कार्यालय

मलंगवा,सर्लाहि, मदेश प्रदेश, नेपाल

**साधारण निर्माणमुखी खनिज उधोग उत्खनन् कार्यको अनुगमन सुचक**

| क्र.स. | विवरण | अनुगमनबाट देखिएको व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | अनुगमन गरिएको ढुंगा खानीको नाम र दर्ता नं. | | |
| २ | खानिस्थल रहेको ठेगाना | | |
| ३ | उधोग दर्ता भएको निकाय | | |
| ४ | IEE स्वीकृत भए नभएको | | |
| ५ | दैनिक उत्खनन् उरिएको परिमाण | | |
| ६ | उत्खनन् विधि | | |
| ६.१ | मेशिनको संख्या र विवरण | | |
| ६.२ | रोजगरी प्राप्त कामदारको संख्या | | |
| ७ | उधोग संचालनबाट देखिएको सकारात्मक पक्षहरु | | |
| ८ | उधोग संचालनबाट देखिएका नकारात्मक कुराहरु | | |
| ९ | उधोग संचालन कार्यमा स्थानियहरुको सहभागीता | | |
| १० | खानि उधोग कसर संचालनमा रहे वा नरहेको | | |
| ११ | खानी उधोगले पालना गर्नुपर्ने मुख्य सर्तहरु पालना गरे नगरेको | | |
| ११.१ | बेन्चिंग पद्धतिबाट खानी संचालन गरे नगरेको | | |
| ११.२ | खानीस्थलबाट निस्केको धुलो थिग्रियाउन् पोखरी निर्माण गरे नगरेको | | |
| ११.३ | खानी क्षेत्रमा सुरक्षाका दृष्टीकोण वा बाहिरी आवत बन्द गर्न उत्खनन् क्षेत्रमा खानी संचालकले क्यारी क्षेत्रमा तारवार लगाए वा नलगाएको | | |
| १२ | अन्य केहि भए | | |

जिल्ला समन्वय समितिको कार्यालय
सर्लाही,मलंगवा
मधेश प्रदेश, नेपाल

अनुगमन टोलिको विवरण

| क्र.स. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |

अनुगमन मितिः-